# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०६ जुलाई २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा भारत र नामिबियाबीच नामिबियामा उद्यमशीलता विकास केन्द्र स्थापनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ

२. १० वटा केन्द्रीय ट्रेड युनियनले संयुक्त रूपमा आह्वान गरेको भारत बन्दको पश्चिम बङ्गालमा मिलिजुली असर देखा परेको छ।

३. दार्जीलिङ पुलिसको स्पेसल अपरेसन ग्रुप (SOG) ले हराएका २५८ वटा मोबाइल फोनहरू आज सम्बन्धित मालिकहरूलाई फिर्ता गरेको छ।

४. जीटीए अनि दार्जीलिङ जिल्ला प्रशासनको पहलमा 96 वन बस्तीवासी नागरिकहरूले आफ्नो जमीनको पट्टा अर्थात फरेस्ट टाइटल डिड प्राप्त गरेका छन।

५. पश्चिम बङ्गालमा लगातार वर्षाका कारण जनजीवन प्रभावित भएको छ।

**प्रधानमंत्री-नामीबिया यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा भारत र नामिबियाबीच नामिबियामा उद्यमशीलता विकास केन्द्र स्थापनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ भने दुई देशबीच स्वास्थ्य र औषधिको क्षेत्रमा सहयोगसम्बन्धी समझदारीपत्रमा पनि हस्ताक्षर भएको छ। सो अवसरमा .डी.आर.आई अनि वैश्विक जैव ईंधन गठबंधनमा नामिबियाको समावेशको लागि स्वीकृतिको पत्रहरू पनि प्रस्तुती गरिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र नामिबियाका राष्ट्रपति नेटुम्बो नुन्डी निदितवाहबीच नामिबियाको राजधानी विन्डहोकस्थित स्टेट हाउसमा भएको प्रतिनिधिमण्डलस्तरीय वार्तापछि समझदारीपत्रमा हस्ताक्षर भएको हो।
यसैबीच प्रधानमन्त्री मोदीले नामिबियाका संस्थापक साम नुजोमालाई विन्डहोकस्थित नेसनल मेमोरियल हिरोज एकरमा श्रद्धाञ्जलि अर्पण गर्नुभयो। मोदीको नामिबियाको यो पहिलो भ्रमण हो भने करिब तीन दशकपछि कुनै भारतीय प्रधानमन्त्रीको तेस्रो भ्रमण हो। यसअघि प्रधानमन्त्री नरेन्द्र मोदी पाँच राष्ट्रको भ्रमणको अन्तिम चरणमा आज बिहान नामिबिया पुगनु भएको हो।

**भारत बंद**

केन्द्र सरकारको नीतिको विरोधमा १० वटा केन्द्रीय ट्रेड युनियनले संयुक्त रूपमा आह्वान गरेको भारत बन्दको पश्चिम बङ्गालमा छुट पुट असर देखा परेको छ। कतै बन्दको केहि असर देखियो भने कतै बन्द प्राय शुन्य रह्यो। यसैबीच राज्यको केहि जिल्लाहरुमा बिहानैदेखि प्रदर्शन र पुलिससँग झडप भएको बताइएको छ। बन्दको समर्थनमा वाम दलले कोलकाता, बाघाजातीन, जलपाईगुडी, कूचबिहार, हल्दिया र आसनसोलमा र्याली निकालेका थिए। सडकका विभिन्न स्थानमा प्रदर्शनकारी र पुलिसबीच चर्काचर्की र तनाव देखिएको थियो। हावड़ाको डोमजुड़ क्षेत्रमा माकपाका कार्यकर्ताहरू बस र ट्रकहरू रोक्न सडकमा ओर्लिए भने

स्थानीय पसलहरू बन्द गर्न बाध्य बनाएका थिए। ।वाम ट्रेड युनियनहरूले आह्वान गरेको भारत बन्दले उत्तर बङ्गालमा मिश्रित प्रतिक्रिया देखायो। उत्तरका विभिन्न भागबाट छिटपुट अशान्तिका समाचारहरू पनि आएका छन्।

बन्दको समर्थनमा रायगञ्जमा जुलुस निकालिएको थियो। यता जलपाईगुडीको बाउ बजारका पसलहरु भने बिहानैदेखि बन्द थिए तर, पछि पुलिसले बिस्तारै बजार खोल्न पहल गरयो। यस्तै जलपाईगुडीस्थित उत्तरबङ्गा राज्य यातायात निगम (एनबीएसटीसी) डिपो अगाडि प्रदर्शनकारीहरूले सरकारी बसहरू रोक्ने प्रयास गरेपछी पुलिससँग पटक–पटक झगडा र झडप समेत भएको थियो। यहाँ १४ जना बन्द समर्थकलाई पुलिसले पक्राउ गरेको थियो। तर, सिलिगुडीमा बन्दको खासै प्रभाव परेन। अटो, बस र अन्य सवारी साधन सामान्य रुपमा चलेका थिए भने धेरै विद्यालय र पसलहरू पनि खुल्लै थिए। बागडोगरामा पनि यस्तै अवस्था देखिएको थियो। तर, बन्दलाई लिएर कूचबिहारमा तनाव फैलिएको थियो। यस दिन समर्थकहरूले सागरदिघी चोकमा मार्च निकालेका थिए भने उनीहरूलाई पुलिसले रोकन खोजेपछी पुलिससँग धक्का-मुक्की र हाथापाई भयो। यस्तै बन्दका क्रममा नक्सलबाडीमा अशान्ति मच्चिएको खबर पनि आएको छ। त्यहाँ तृणमूल कङ्ग्रेस र सीपीएमका नेता तथा कार्यकर्ताहरूबीच झडप भएको थियो भने एक जनालाई पक्राउ गरिएको बताइएको छ।

यता दार्जिलिंग पहाडमा भने बन्दको कुनै असर देखिएन सदा झैँ बजारपाट स्कुल कलेज सगै सरकारी दप्तरहरु खुल्ला थिए भने वाहनहरु सामान्य रुपमा सडकमा देखियो

अर्कोतिर राज्य सरकारले बन्दमा कडा अडान लिदै यातायात सेवालाई सामान्य राख्न निर्देशन दिएको थियो भने शान्ति सुव्यवस्था कायम गर्न पुलिस, आरएएफ र अन्य सुरक्षा निकायलाई अलर्टमा राखिएको थियो।

**साउथ कलकत्ता लॉ कॉलेज**

साउथ कलकत्ता लॉ कलेजमा हालै भएको घटनापछि कलकत्ता विश्वविद्यालयले आफ्ना अधीनस्थका कलेजतर्फ ठूलो कदम चाल्ने निर्णय गरेको छ। विश्वविद्यालय प्रशासनले १७० भन्दा अधिक संबद्ध कलेजहरूको लागि नयाँ परामर्श जारी गर्न लागेको छ, जसमा धेरै कडा दिशानिर्देशहरू समावेश हुनेछन्। विश्वविद्यालयस्रोतका अनुसार सबै क्याम्पसहरूमा पर्याप्त सीसीटीभी निगरानी प्रणाली को सुनिश्चितता गर्नु पर्ने साथै, हाजिरी रजिष्टरलाई राम्रोसँग राख्न अनिवार्य हुनेछ।यसका साथै कलेज युनियन कक्ष बन्द छ कि छैन भन्ने विषयमा पनि कलेजसँग रिपोर्ट मागगरिनेछ। सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन कलेजका सुरक्षाकर्मीलाई आवश्यकताअनुसार तालीम प्रदान गरिने पनि बताइएको छ। यसका साथै, विद्यार्थी आउने समयका सम्बन्धमा स्पष्ट निर्देशन पालना गर्नु पनि अनिवार्य हुनेछ। विद्यार्थीको सुरक्षा र अनुशासन कायम गर्ने उद्देश्यले यो एडभाइजरी तयार पारिएको विश्वविद्यालयले जनाएको छ

यो कदम कसबा घटनाको पछि आएको छ जसले राज्यभरका कलेज परिसरहरूको सुरक्षालाई लिएर चिन्ता व्यक्त गरेको थियो।

**SOG**

दार्जीलिङ पुलिसको स्पेसल अपरेसन ग्रुप (SOG) ले हराएका २५८ वटा मोबाइल फोनहरू आज सम्बन्धित मालिकहरूलाई फिर्ता गरेको छ। पुलिसका अनुसार तीमध्ये १५० वटा मोबाइल फोन तराईका ग्रामीण क्षेत्रहरु खोरीबारी नक्सलवारि अनि फासीदेवाको थानाहरु द्वारा वितरण गरिसकेका छ भने १०८ वटा फोन दार्जीलिङमै वितरण गरिएको छ। आज भएको बितरण कार्यक्रममा उपस्थिति हुन नसक्नेहरुले एस पि कार्यलयमा सम्पर्क गरेर आफ्नो फोन लिन सकिने जानकारी प्रशासनले जनाएको छ। फोन हराएको खण्डमा जेनेरल डाइरी दर्ता गर्दा मोबाइलको IMEI नम्बर पाँच पाँच अंक गरेर उल्लेख गर्न पर्ने साथै घरमा प्रयोग भइरहेकै सम्पर्क नम्बर पनि उक्त जेनेरल डायरी राखे फोन फेला परेपछि सम्पर्क गर्न सजिलो हुने समेत बताइएको छ।दार्जीलिङ

पुलिस टाउन हलमा भएको मोबाइल वितरण कार्यक्रममा दार्जीलिङ पुलिस अधिक्षक प्रबिन प्रकाश लगायत अन्य पुलिस अधिकारीको उपस्थिति रहेको थियो।

**पट्टा**

जीटीए अनि दार्जीलिङ जिल्ला प्रशासनको पहलमा आज जोरबङ्लो-सुकेपोखरी खण्ड, दार्जीलिङ-पुलबजार खण्ड साथै रंगली रंगलियट खण्डका 96 वन बस्तीवासी नागरिकहरूले आफ्नो जमीनको पट्टा अर्थात फरेस्ट टाइटल डिड प्राप्त गरे। जसमा जोरबङ्लो-सुकेपोखरी खण्डका 89 परिवार छन् भने दार्जीलिङ-पुलबजार खण्डका 4 अनि रंगली-रंगलियट खण्डका 3 परिवारले जमीनको पट्टा प्राप्त गरेका छन्। यसैबीच जीटीए प्रमुख अनित थापाले हाम्रो जमीन हाम्रो नाममा पञ्जीकृत होस् भन्ने विषयमाथि जीटीएले काम गरिरहेको बताउनु भयो ।

**DTA**

हिल तराई डुवर्स चियाबारी श्रमिक संघ (एचएचटीडीसीएसएस) ले दार्जिलिङ चिया संघ (DTA) र दार्जिलिङ इन्डियन टी एशोसिएसन (DITA)लाई आर्थिक वर्ष २०२४–२०२५ को पूजा बोनसका लागि तुरुन्त वार्ता सुरु गर्न औपचारिक पत्रमार्फत आग्रह गरेको छ। युनियनले पहाड, तराई र डुवर्स क्षेत्रका सम्पूर्ण श्रमिकहरूलाई २०% बोनस उपलब्ध गराउन प्रस्ताव राख्दै सेप्टेम्बरको दोस्रो वा तेस्रो हप्तासम्म वितरण सम्पन्न गर्न सिफारिस गरेको छ। गत वर्षहरूमा भएको ढिलाई र किस्ताबन्दी प्रति असन्तुष्टि जनाउँदै युनियनले समयमै वार्ता नभए श्रमिक असन्तोष चुलिने चेतावनीसमेत दिएको छ। फरवरी २०२५ मा भएको अघिल्लो पत्राचारको हवाला दिँदै युनियनले श्रम विभागका उच्च अधिकारीहरूलाई समेत पत्रको प्रतिलिपि पठाएको छ।

**(AIWC)**

All India Women Conference (AIWC) दार्जीलिङ शाखाको आयोजनामा आजदेखि तीनदिने जीवन सीप निर्माण सम्बन्धी तालिम कार्यक्रम सुरु भएको छ। कार्यक्रम ११ जुलाईसम्म AIWC भवन, दार्जीलिङमा सञ्चालन हुनेछ।आयोजक समितिका अनुसार तालिममा क्यारियर गाइडेन्स, योग, मेडिटेसन, साइबर क्राइम लगायतका समसामयिक तथा आवश्यक विषयहरूमा विशेषज्ञहरूद्वारा प्रशिक्षण प्रदान गरिनेछ।यसपटक तालिममा महारानी कन्या उच्चतर माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई सहभागी गराइएको छ भने कार्यक्रमको अन्तिम दिन प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिने पनि आयोजक समितिले जनाएको छ।

**भानु जयन्ती र्याली**

112 औं भानु जयन्तीको अवसरमा Kurseong Boys Club को आयोजनामा आगामी 13 जुलाईको दिन एउटा र्यालीको आयोजना गरिने भएको छ। उक्त र्याली खरसंगको रेलेवे स्टेसन देखि बिहान 10.00 बजी शुरू हुनेछ। यस कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम, खेल साथै अन्य कार्यक्रमको आयोजना गरिने खरसांग बोइज क्लबको तर्फबाट दिडोन शर्माले जानकारी दिनु भएको छ।

**मौसम**

पश्चिम बङ्गालमा लगातारको वर्षाका कारण जनजीवन नराम्ररी प्रभावित भएको छ । केही दिनयता मुसलधारे वर्षाका कारण राजधानी कोलकातालगायत राज्यका अधिकांश जिल्लामा सडक जलमग्न हुनुका साथै यातायात अवरुद्ध भइरहेको छ । भारतीय मौसम विज्ञान विभागका अनुसार न्यून चापीय क्षेत्र झारखण्डतर्फ सरे पनि मनसुनी न्यून चापीय रेखा अझै सक्रिय रहेको र

बङ्गालमाथि पूर्व–पश्चिम न्यून चापीय रेखा रहेकाले वर्षा जारी रहने छ । विशेषगरी पश्चिमी जिल्लाका केही स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको बताइएको छ भने बांकुडा, पुरुलिया, पश्चिम बर्धमान र झारग्राम जिल्लामा भारी वर्षाको सम्भावना रहेको जनाएको छ ।

यता उत्तर बङ्गालका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। विशेषगरी दार्जिलिङ, अलीपुरद्वार, जलपाईगुडी, कूचबिहार र उत्तरी दिनाजपुर जिल्लामा वर्षाको चेतावनी जारी गरिएको छ भने पहाडी क्षेत्रमा विशेष गरी दार्जिलिङ र कालिम्पोङ जिल्लामा पहिरोको जोखिम रहेको छ। केही स्थानमा नदीमा पानीको बहाव बढेकाले तल्लो भेगमा बाढीको अवस्था आउन सक्ने बताइएको छ।